**Solukhumbu Multiple Campus Research Journal**
[Yearly Peer Reviewed Journal]
ISSN: 2362-1400
Year 6, Volume 6, Issue 1, Dec. 2024
Solukhumbu Multiple Campus Research Development and Management Committee

# कुमारी आमा उपन्यासमा नारीसङ्केन्द्रण

**डा. अम्बिका अर्याल**

*Article History : Submitted 16 Sept. 2024; Reviewed 13 Oct. 2024; Accepted 15 Dec. 2024*
*Author : Dr. Ambika Aryal Email: ambiaryal@gmail.com*
*DOI: https://doi.org/10.3126/smcrj.v6i1.74530*

## लेखसार

*प्रस्तुत अध्ययनमा नारीवादी समाख्यानशास्त्रको मूल अवधारणा नारीसङ्केन्द्रणलाई आधार मानी अनुपम रोशीको 'कुमारी आमा' उपन्यासको विश्लेषण गरिएको छ । प्रस्तुत उपन्यासमा नारीसङ्केन्द्रणको स्थिति केकस्तो रहेको छ भन्ने प्राज्ञिक समस्याको निरूपण गर्ने लक्ष्य यस लेखको रहेको छ । यस क्रममा विवेच्य उपन्यासको विश्लेषणका लागि रिमोन केनन र मिकी बलका अवधारणालाई सैद्धान्तिक आधार मानिएको हुनाले यो लेख निगमनात्मक प्रवृत्तिको बनेको छ । पुस्तकालयीय कार्यबाट प्राथमिक तथा द्वितीयक सामग्री सङ्कलन गरी विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको यो लेख गुणात्मक प्रवृत्तिको बन्न पुगेको छ । रोशीको प्रस्तुत उपन्यासमा समाख्याता तथा चरित्रसङ्केन्द्रकका रूपमा नारीको उपस्थिति भएका हुनाले नारीका विचार, भावना, संवेग, स्वभाव, क्रियाकलाप यथार्थ रूपमा प्रस्तुत हुनाका साथै नारीमाथि गरिने विभेदको विरोध एवम् स्वतन्त्र अस्तित्व र पहिचानको खोजीसम्बन्धी सचेतना सङ्केन्द्रीकृत हुनमा थप टेवा पुगेको निष्कर्ष यस लेखले निकालेको छ । नारीमाथि गरिने पितृसत्तात्मक विभेद, लैङ्गिक विभेदको विरोध एवम् स्वतन्त्र अस्तित्व र पहिचानको खोजी जस्ता विषयलाई प्राथमिकता दिने समाख्याता तथा चरित्रसङ्केन्द्रकको उपस्थितिले उपन्यासलाई नारीवादी बनाएको निष्कर्ष समेत यसमा निकालिएको छ । यस्तै प्रस्तुत उपन्यासमा नारीचरित्रसङ्केन्द्रककै माध्यमबाट नारीका हकहितसम्बन्धी धारणा व्यक्त गरिएको हुनाले नारीदमनको विरोध तथा अस्तित्वको खोजीसम्बन्धी नारीवादी चेतना स्वाभाविक एवम् वास्तविक बनेको निष्कर्ष समेत यस अध्ययनको रहेको छ ।*

**शब्दकुञ्जिका :** नारीवादी समाख्यानशास्त्र, पितृसत्ता, सङ्केन्द्रक, सङ्केन्द्रण, समाख्याता ।

## परिचय

अनुपम रोशीद्वारा लिखित उपन्यास *कुमारी आमा* (२०६८) मा नारीचेतनालाई अभिव्यक्त गर्ने समाख्याता एवम् चरित्रसङ्केन्द्रकको उपस्थिति पाइन्छ। यसमा नारीसङ्केन्द्रकका विचारमार्फत नारीका हकअधिकारको माग गरिएका हुनाले नारीवादी प्रवृत्ति सङ्केन्द्रीकृत भएको छ। यसमा नारीका संवेग, संज्ञान, क्रियाकलाप, स्वभाव तथा विचारलाई नारीसङ्केन्द्रकमार्फत प्रस्तुत गरी लैङ्गिक विभेद, पितृसत्तात्मक दमन, यौनशोषण, नारीअस्तित्व तथा अधिकारको दमनजस्ता विषयप्रति प्रश्न उठाइएको छ। यसर्थ यसमा नारीको पहिचान र अस्तित्व, पितृसत्तात्मक दमन तथा हिंसाबाट मुक्ति एवम् नारीको वैयक्तिक अधिकारप्रतिको सचेतना जस्ता नारीचेतना सङ्केन्द्रीकृत भएकाले नारीसङ्केन्द्रणको स्थिति देखिन्छ। नारीवादी समाख्यानशास्त्रले कृतिमा अभिव्यक्त नारीवादी चेतनाको विश्लेषणमा जोड दिन्छ। यसले कृतिमा अभिव्यक्त धारणा कसको केन्द्रीयतामा प्रस्तुत भएको छ भन्ने सन्दर्भको विश्लेषणका लागि सङ्केन्द्रणसम्बन्धी अवधारणाको विकास गरेको छ। सङ्केन्द्रणभित्र सङ्केन्द्रक र सङ्केन्द्रित विषय समाहित हुन्छन्। सङ्केन्द्रणले कृतिमा प्रस्तुत नारीवादी विचारको द्रष्टा "को रहेको छ" वा "कसले देखेको छ" भन्ने कुराको अध्ययन गर्दछ। नारीमाथि गरिने दमन तथा विभेदविरुद्धको सचेतनालाई कसले देखेको छ भन्ने कुराको विश्लेषणबाट त्यस कृतिको सङ्केन्द्रक पहिचान हुन्छ भने नारीदमन र विभेदसम्बन्धी सचेतना कस्ता छन् भन्ने कुराको अध्ययनबाट कृतिमा सङ्केन्द्रीकृत विषयको निरुपण गर्न सकिन्छ। सङ्केन्द्रक समाख्याता तथा चरित्रका रूपमा देखापर्दछन्। यिनीहरूले कृतिकारले जोड दिन खोजेको विषयलाई नै प्रधानताका साथ प्रस्तुत गरेका हुन्छन्। विषयलाई प्राथमिकतामा राखेर हेर्ने समाख्याता वा चरित्र नै सङ्केन्द्रक हुन्। तसर्थ प्राथमिकतामा रहेका विषयले सङ्केन्द्रकको पहिचानमा सहयोग गर्दछ भने सङ्केन्द्रकमार्फत नै कृतिको मूल उद्देश्य फलीभूत हुन्छ। यसर्थ सङ्केन्द्रकको अध्ययनमा सङ्केन्द्रित विषय वा विषयको अध्ययनमा सङ्केन्द्रक सँगसँगै आउने भएकाले यसमा सङ्केन्द्रकलाई मात्र मूल आधार मानेर कृतिको विश्लेषण गरी नारीसङ्केन्द्रणको विश्लेषण एवम् निरूपण गर्न सकिन्छ।

रोशीको प्रस्तुत उपन्यासका बारेमा विभिन्न विद्वान्हरूबाट अध्ययन तथा अनुसन्धान हुँदै आएको पाइन्छ। यस क्रममा रजनी ढकाल (२०६९) ले 'नेपाली नारी उपन्यासमा लैङ्गिकता' शीर्षकको लेखमा नेपाली नारी उपन्यासकार र उपन्यासको सूची प्रस्तुत गरी लैङ्गिकताको अवधारणाका आधारमा ती उपन्यासको सङ्क्षिप्त अध्ययन गरेको पाइन्छ। उनले रोशीको *कुमारी आमा* उपन्यासमा सधैँ पुरुषको भोग्या मात्र नभएर प्राकृतिक रूपमा आफूले पनि पुरुषलाई भोग गर्न सक्ने साहसिक नारी पात्रलाई स्थान दिइएको विचार व्यक्त गरेकी छन्। यस उपन्यासमा महिलाका प्रजनन अधिकार र मातृत्वका विषयमा सशक्त रूपमा आवाज उठेको पाइने उनको कथन छ। यस्तै सुशान्त गुरुङ (२०६९) ले 'उपन्यास विधाका सन्दर्भमा नेपाली नारीस्रष्टाहरूको उपस्थिति र योगदान' शीर्षकको लेखमा नेपाली उपन्यासमा नारी उपन्यासको उपस्थितिको अध्ययन गरेका छन्। उनले अनुपम रोशीको *कुमारी आमा*लाई नारीलाई आमा हुन पुरुषको वीर्य भए पुग्ने तर विवाह गर्नुनपर्ने भाव व्यक्त भएको उपन्यास भनी टिप्पणी गरेका छन्। रोशीको प्रस्तुत उपन्यासमा अभिव्यक्त नारीचेतनाका बारेमा गरिएका यी सङ्क्षिप्त अध्ययनले नारीसङ्केन्द्रणमा केन्द्रित भएर अध्ययन भइनसकेको सन्दर्भलाई पुष्टि गर्दै यसको रिक्तता पूर्ण गर्नुपर्ने आवश्यकतालाई समेत सङ्केत गरेको छ। यसै परिप्रेक्ष्यमा प्रस्तुत लेख रोशीको *कुमारी*

*आमा* उपन्यासमा अभिव्यक्त नारीसङ्केन्द्रणको निरूपणमा केन्द्रित हुन औचित्यपूर्ण र उपयोगी देखिएकाले यहाँ सोही जिज्ञासाको प्राज्ञिक समाधान खोज्ने उद्देश्य राखिएको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन नारीवादी समाख्यानशास्त्रीय सिद्धान्तका आधारमा अनुपम रोशीको *कुमारी आमा* उपन्यासको विश्लेषणमा केन्द्रित भएको हुनाले निगमनात्मक एवम् गुणात्मक प्रवृत्तिको बनेको छ। नारीवादी समाख्यानशास्त्रभित्र पनि रिमोन केनन र मिकी बलको नारीसङ्केन्द्रणसम्बन्धी अवधारणालाई मात्र यसमा सैद्धान्तिक आधार मानिएको छ । यसमा विवेच्य कृतिमा प्रस्तुत तथ्यको विश्लेषण गरी नारीसङ्केन्द्रणको पहिचान गर्न पाठविश्लेषण विधिको प्रयोग गरिएको छ । विवेच्य उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने यससँग सम्बन्धित समालोचनात्मक लेखहरू र नारीवादी समाख्यानशास्त्रसँग सम्बन्धित सैद्धान्तिक कृतिहरूलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ। यी सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ।

## सैद्धान्तिक परिचय

नारीसङ्केन्द्रण नारीवादी समाख्यानशास्त्रको अवधारणा हो । यसमा नारीवादले मान्दै आएको नारीका हकअधिकार र समानतासम्बन्धी अवधारणा कृतिमा कोमार्फत र कसरी सङ्केन्द्रीकृत भएको छ भन्ने कुराको अध्ययन गरिन्छ। कुनै पनि कृतिमा नारीवादी विचार, मान्यता तथा प्रवृत्ति कसरी सङ्केन्द्रीकृत भएको छ भन्ने कुराको अध्ययन गर्ने प्रक्रिया सङ्केन्द्रण हो । सङ्केन्द्रणले नारीवादी विचारलाई विषयका रूपमा हेर्छ भने त्यस विषयको प्रस्तोता तथा भोक्ता सङ्केन्द्रक बन्दछ। यसको प्रेक्षकीय वा पाठकीय परिप्रेक्ष्यबाट जाति, वर्ग र ऐतिहासिक सन्दर्भका साथै लैङ्गिकताको पनि विश्लेषण गर्न सकिन्छ (स्टाम र अन्य, सन् १९९२, पृ. ८६) । यसैले कुनै पनि कृतिमा समाख्याता, पात्र आदि कसको नजरबाट कृतिको मूल सन्देश वा दृष्टिकोण प्रस्तुत गरिएको छ र त्यसले नारीहरूको अस्तित्व तथा पहिचानको मूल्यलाई कसरी प्रस्तुत गरेको छ भन्ने कुराको अध्ययन नारीवादी समाख्यानशास्त्रमा गर्न सकिन्छ।

सङ्केन्द्रणले नारीको यथार्थ कथाको सम्बन्ध यसको तर्कमूलक तहमा मात्र नभएर 'कसले सिर्जना गरेको हो' भन्ने कुरासँग पनि सम्बन्ध राख्दछ। नारीसङ्केन्द्रणले सिर्जना र तिनमा नारीप्रतिको बुझाइ, भूमिका र नारीको चित्रण भिन्न प्रकारको हुन्छ भन्ने मान्यता राख्दछ । सङ्केन्द्रणको उत्पादन सन्दर्भ र उत्पादित तत्वहरू नारीवादी समाख्यानको बुझाइमा मुखरित भएको हुन्छ (म्याकहियोरल्याटी, सन् १९९६, पृ. १६३) । तसर्थ सङ्केन्द्रणको अध्ययनबाट नारीवादी प्रवृत्तिको विश्लेषण सहज हुने देखिन्छ।

सङ्केन्द्रण अर्थात् फोकलाइजेसन फोटोग्राफिक र सिनेमाको क्षेत्रबाट लिइएको शब्द हो । यसको पहिलो सैद्धान्तिक चर्चा जेनेटले आख्यानको विश्लेषणका क्रममा गरेका छन्। जेनेटका अनुसार आख्यानको सूचनालाई सीमित पार्ने, नियन्त्रित गर्ने रीतिलाई सङ्केन्द्रण भनिन्छ। चरित्र विशेषको दृष्टिबाट कुनै घटनालाई हेर्ने काम सङ्केन्द्रण हो। को र कसको वा कुन पात्रको हेराइबाट समाख्याताको दृष्टिकोण प्रकट भएको छ अर्थात् कसले देखेको छ भन्ने कुरासँग सङ्केन्द्रण सम्बन्धित देखिन्छ (लवन, सन् २०१७, नेट) । सुसन लन्सरले सङ्केन्द्रणको क्षेत्रलाई नारीवादी दृष्टिबाट व्याख्या गरेकी छन्। उनका अनुसार सङ्केन्द्रण कम्तीमा पनि कुनै

कार्यको सतही वा गहन संरचनाबीच रचना गरिएको हुनुपर्छ (लन्सर, सन् १९८६, पृ. ३४९) । स्लोमिथ रिमोन केननका विचारमा आख्यानको सङ्केन्द्रण विषय र वस्तु दुवैमा हुन्छ । उनका अनुसार आख्यानमा जोमार्फत घटना मुखरित हुन्छ त्यसलाई विषय र विषयका माध्यमबाट जे कुरा मुखरित हुन्छ त्यसलाई वस्तु भनिन्छ । उनले विषयलाई सङ्केन्द्रक र वस्तुलाई सङ्केन्द्रीकृत भनी चर्चा गरेकी छन् (रिमोन केनन, सन् २००५, पृ. ७६) । यसर्थ सङ्केन्द्रणमा यिनै सङ्केन्द्रक र सङ्केन्द्रीकृतको अध्ययन गरिन्छ।

बलले समाख्यानको घटनाको द्रष्टाका रूपमा सङ्केन्द्रकलाई चिनाएको पाइन्छ । उनका अनुसार पाठकले जसका माध्यमबाट आख्यानको घटना देख्दछ वा हेर्दछ उसलाई सङ्केन्द्रक भनिन्छ (बल, सन् २००९, पृ. १४९) । उनले सङ्केन्द्रकको पनि पात्र सङ्केन्द्रक र समाख्याता सङ्केन्द्रक दुईवटा प्रकार उल्लेख गरेकी छन् । उनका विचारमा आख्यानमा पात्र वा चरित्रका माध्यमबाट घटना, वस्तु वा सन्देश प्राप्त भएको अथवा देखिएको छ भने त्यसलाई पात्र सङ्केन्द्रक भनिन्छ र त्यस्ता सङ्केन्द्रक पाठभित्र हुने भएकाले यसलाई आन्तरिक सङ्केन्द्रक पनि भनिन्छ । त्यस्तै आख्यानको घटनाको द्रष्टा अज्ञात रहेको वा समाख्याताबाट घटनाहरू प्राप्त भएको अथवा देखिएको छ भने त्यसलाई समाख्याता सङ्केन्द्रक भनिन्छ र यस्ता समाख्याता पाठबाहिर हुने भएकाले यसलाई बाह्य सङ्केन्द्रक पनि भनिन्छ (बल, सन् २००९, पृ. १५२) । समाख्याता सङ्केन्द्रकमा समाख्याता पाठबाहिर अज्ञात रहने भए पनि आख्यानमा पात्र वा चरित्र धेरै हुने भएकाले चरित्र सङ्केन्द्रक एकभन्दा बढी हुने विचार पनि प्रस्तुत गरिएको पाइन्छ।

बलका विचारमा सङ्केन्द्रकले जे कुरा वा वस्तु प्रस्तुत गर्दछ अथवा देख्दछ त्यसलाई सङ्केन्द्रीकृत भनिन्छ । उनले सङ्केन्द्रीकृत वस्तु विभिन्न प्रकारको हुने भएकाले यस सन्दर्भमा धेरै चर्चा गरेको पाइँदैन । उनका विचारमा सङ्केन्द्रीकृत विषय पनि सञ्चेतन र असञ्चेतन दुई प्रकारका हुन्छन् (बल, सन् २००९, पृ. १५७) । पात्रका सोचाइ, कल्पना, अनुभव, अनुभूतिहरू पात्र आफैले प्रस्तुत गरेको सञ्चेतन र पात्र आफैले प्रस्तुत नगरेको अवस्थालाई असञ्चेतनका रूपमा चर्चा गरिएको छ। रिमोन केननले सङ्केन्द्रणलाई दृष्टिकोण वा *प्रिज्म*का रूपमा चर्चा गर्दै यसको संज्ञानात्मक, भावात्मक र वैचारिक अभिमुखीकरणजस्ता विस्तारित पक्षसँग सम्बन्ध हुने बताएकी छन् (केनन, सन् २००५, पृ. ७१) । उनले सङ्केन्द्रणको क्षेत्र व्यापक भएको विचार प्रस्तुत गरेकी छन् । यसरी सङ्केन्द्रणका संज्ञान, भाव, विचार, अनुभूतिजस्ता पक्षहरूलाई नारीवादी दृष्टिबाट अध्ययन गर्न सकिन्छ भन्ने मान्यता नारीवादी समाख्यानशास्त्रको रहेको छ।

नारीवादी समाख्यानशास्त्रले कृतिमा नारीको उपस्थिति र समाख्याताले विभिन्न चरित्रहरूका माध्यमबाट प्रस्तुत गरेको विचारको अध्ययन गर्दछ । यस क्रममा यसले कृतिमा प्रयुक्त काल, वाच्यत्व र सङ्केन्द्रणको विश्लेषण गर्दछ । सङ्केन्द्रणभित्र यसले सङ्केन्द्रकको उपस्थिति र सङ्केन्द्रीकृत विषयको विश्लेषण गरी नारीवादी प्रवृत्तिको खोजी गर्दछ । यसले सङ्केन्द्रकका रूपमा नारीको उपस्थिति भएको कृतिमा नारीका विचार, भाव, मनोविज्ञान र दृष्टिकोण प्रस्तुत हुने विचार राख्दछ । समाख्याता र पात्रसङ्केन्द्रकको उपस्थिति तथा यी सङ्केन्द्रकका विचार, मानसिकता र क्रियाकलापका माध्यमबाट प्रस्तुत विषयलाई सङ्केन्द्रीकृत विषयका रूपमा यसभित्र अध्ययन गरिन्छ । नारीवादी समाख्यानशास्त्रीय सङ्केन्द्रणले नारीकै पक्षमा प्रस्तुत गरिएको विचारलाई प्राथमिकता दिने गरेको पाइन्छ । यसरी नारीवादी समाख्यानशास्त्रले सङ्केन्द्रक र सङ्केन्द्रीकृतका रूपमा नारीको उपस्थिति, नारीको दृष्टिकोण, नारीवादी सचेतना तथा नारीअस्तित्व र

पहिचानको खोजी गर्दछ। यसै अवधारणा र अभ्यासलाई दृष्टिगत गरी रोशीको *कुमारी आमा* उपन्यासमा प्रयुक्त सङ्केन्द्रणको निरूपण यसमा गरिएको छ।

### 'कुमारी आमा' उपन्यासमा नारीसङ्केन्द्रणको स्थिति

नारीसङ्केन्द्रणले कृतिमा नारीको भूमिका तथा स्थानमा जोड दिन्छ। यसले सङ्केन्द्रक तथा सङ्केन्द्रित विषयमा नारीको केन्द्रीय भूमिकाको अपेक्षा तथा अध्ययन गर्दछ। खासमा कुनै पनि कृतिमा प्रस्तुत विचार वा दृष्टिकोणलाई देख्ने द्रष्टा सङ्केन्द्रक हो। सङ्केन्द्रक एक वा अनेक हुन सक्छन्। समाख्याता तथा पात्रमध्ये एक मात्र नभएर दुवै पनि सङ्केन्द्रक बन्न सक्ने देखिन्छ। पात्र पनि एक वा अनेक सङ्केन्द्रक बन्ने स्थिति रहन्छ। नारीवादी सङ्केन्द्रणभित्र कृतिमा प्रस्तुत नारीवादी सचेतनालाई कसको आँखाबाट हेरिएको छ वा देखिएको छ भन्ने कुराको अध्ययनबाट सङ्केन्द्रकको पहिचान गर्न सकिन्छ। आन्तरिक, बाह्य, एकल, बहुल, समाख्याता, पात्र आदि सङ्केन्द्रकका प्रकारसम्बन्धी अलगअलग मत राखिने परम्परा रहे पनि यसमा पात्र सङ्केन्द्रकसम्बन्धी रिमोन केनन र मिकी बलको मान्यताका आधारमा रोशीको *कुमारी आमा* उपन्यासमा नारीवादी प्रवृत्ति बोक्ने द्रष्टाका रूपमा उपस्थित सङ्केन्द्रकको निरूपण गरिएको छ।

#### समाख्याता सङ्केन्द्रक

कृतिमा कृतिको केन्द्रीय दृष्टिकोण वा सन्देश कोमार्फत प्रस्तुत भएको हुन्छ सोही व्यक्ति नै सङ्केन्द्रक हो। सङ्केन्द्रक नारीवादी समाख्यानशास्त्रको मुख्य आधार सङ्केन्द्रणको एक पक्ष हो। नारीवादी समाख्यानशास्त्रमा सङ्केन्द्रकसम्बन्धी विभिन्न मतहरू रहेका छन्। समाख्यानशास्त्रले विकसित गरेको सङ्केन्द्रकसम्बन्धी अवधारणालाई आधार मानेर कृतिमा प्रस्तुत नारीविषयको निरूपण गर्न सकिन्छ भन्ने सुसन लन्सरको मान्यता रहेको छ। लन्सरलगायत अन्सर न्युनिङ तथा म्याकहियोरल्याटीले पनि नारीवाद र समाख्यानशास्त्रबीचको सम्बन्धलाई विश्लेषण गरेका छन्। सङ्केन्द्रकका सम्बन्धमा जेरार्ड जेनेट, मिकी बल, रिमोन केननजस्ता समाख्यानशास्त्रीले विभिन्न विचारहरू प्रस्तुत गरेका छन्। यी समाख्यानशास्त्रीका सङ्केन्द्रकसम्बन्धी अवधारणालाई आधार मानेर नारीविषयको पहिचान गर्न सकिन्छ भन्ने लन्सरको विचार छ। उनको यस विचारलाई आत्मसात गरी समाख्यानशास्त्री मिकी बल र रिमोन केननले अगाडि सारेको समाख्याता तथा पात्रसङ्केन्द्रकसम्बन्धी अवधारणाका आधारमा यसमा नारीवादी सङ्केन्द्रकको पहिचान गरिएको छ।

कृतिमा समाख्यातामार्फत कृतिको केन्द्रीय दृष्टिकोण वा सन्देश प्रस्तुत भएको अवस्थामा समाख्याता सङ्केन्द्रक बनेको हुन्छ। समाख्याता सङ्केन्द्रक संलग्न र असंलग्न प्रवृत्तिका हुन्छन्। म पात्रका रूपमा कृतिभित्रै उपस्थित भएको समाख्याता संलग्न प्रवृत्तिको हो भने समाख्याता पाठबाहिरै रहेको अवस्थामा असंलग्न समाख्याता हुन्छ। संलग्न तथा असंलग्न समाख्याताले कृतिभित्र प्रस्तुत भावना, संवेग, क्रियाकलाप, घटना, पात्रको स्वभाव, मनोदशा, विचार आदि पक्षलाई प्रस्तुत गरेको पाइन्छ। कृतिमा प्रस्तुत कथाभित्रै समाख्याताको उपस्थिति भएको सन्दर्भमा संलग्न समाख्याताको प्रयोग भएको हुन्छ। यस्तो कृतिमा समाख्याता र चरित्रका बीच साहचर्य सम्बन्ध हुन्छ। यसमा समाख्याताले वैयक्तिक पक्षको समेत वर्णन गरेको हुन्छ। संलग्न समाख्याता भएको कृतिमा समाख्याताले कथाभित्रै रहेर कथा भनिरहेको हुन्छ। समाख्यानशास्त्रीय विश्लेषणमा समाख्याता सङ्केन्द्रकअन्तर्गत रहेर कुनै पनि कृतिमा संलग्न समाख्याताले आफ्ना तथा चरित्रका

वैयक्तिक विचार, भावना, संवेग, मनोदशा र क्रियाकलापलाई कसरी प्रस्तुत गरेको छ भन्ने कुराको अध्ययन गर्न सकिन्छ।

रोशीको *कुमारी आमा* उपन्यासमा कथाबाहिरै रहेर समाख्याताले पात्रका मानसिकता, विचार, क्रियाकलापलाई प्रस्तुत गर्नुका साथै उपन्यासको वैचारिक दृष्टिकोणलाई समेत प्रस्तुत गरेको हुनाले असंलग्न समाख्याता सङ्केन्द्रकको उपस्थिति पाइन्छ। यस उपन्यासमा समाख्याताले नेपाली समाजमा नारीको अवस्था, पितृसत्तात्मक संस्कारका कारण निर्मित नारीको मानसिकता, त्यसप्रतिको सङ्घर्षका लागि नारीले चालेको कदम तथा प्रस्तुत गरेको विचारलाई विभिन्न पात्रको मानसिकता, विचार तथा क्रियाकलापको वर्णनका माध्यमबाट प्रस्तुत गरिएको छ। यस उपन्यासमा सरगम पात्रको जीवनको टिप्पणी समाख्याताले यसरी गरेको छ : *सरगमको जिन्दगी, त्यो वर्गीय चाहना थियो पूर्ण स्वतन्त्रताको र चुनौती थियो समाज, संस्कार, प्रेम र परम्परागत जीवनशैलीको* (पृ. १७) । समाख्याताको यस कथनले परम्परागत सामाजिक संस्कार परिवर्तनका लागि सरगमले चालेको कदमको मूल्याङ्कन प्रस्तुत गरेको हुनाले यस उपन्यासमा असंलग्न समाख्याता सङ्केन्द्रकको उपस्थिति देखिन्छ। यस्तै यस उपन्यासमा समाख्यातामार्फत पात्रको क्रियाकलाप र त्यसप्रतिको टिप्पणी तथा मानसिक प्रभावलाई *यस्तो परिवेशका एउटा सुन्दर साम्राज्यको सपना बुनेर, आफूभित्रैबाट युद्ध सुरु गरेकी एक विरङ्गनाको एउटा अस्पष्ट कथा र स्पष्ट आकृति छ मेरा आँखाअगाडि। त्यो आकृतिलाई साक्षी राखेर एउटा युगको संरचना तयार गर्न मन लाग्छ। उनको सङ्घर्ष, उनको बलिदान र न्यायिक चेतनालाई जति पढे पनि सिद्धिदैन* (पृ. १९) भन्ने कथनमार्फत प्रस्तुत गरिएको छ। समाख्याताको यस कथनले सरगम जस्ता नारीहरूमा भएको नयाँ समाज र नयाँ युग निर्माणको चाहना र त्यसप्रति जागृत भएको चेतना तथा उसको जीवन सङ्घर्षको मूल्याङ्कन गरी त्यसप्रतिको आफ्नो मानसिकतालाई समेत प्रस्तुत गरेको हुनाले यस उपन्यासमा असंलग्न समाख्याता सङ्केन्द्रक बनेको देखिन्छ।

यस उपन्यासमा समाख्यातामार्फत पात्रको क्रियाकलापलाई प्रस्तुत गरिएको छ। *उनीभित्र पनि क्रान्तिको आगो बल्यो, मर्ने र मार्ने खेलमा उनको बेजोड सहभागिता रह्यो। कम्मरमा ग्रिनेड बोकेर मकै चिउराको भरमा समुन्नत नेपालको भविष्य निर्माण गर्न अगाडि बढिन् । ... प्रायः नयाँ आउने साथीहरूलाई प्रशिक्षण दिनुपर्ने र युद्धमा पनि सामेल हुनुपर्ने भएकाले सरगम निकै व्यस्त रहन्थिन्* (पृ. २४) भन्ने कथनमा पात्रको क्रियाकलापको वर्णन पाइन्छ । यस कथनमा सरगमको क्रियाकलापलाई देख्ने प्रत्यक्षदर्शीका रूपमा समाख्याताको उपस्थिति देखिने भएकाले असंलग्न समाख्याता सङ्केन्द्रकको प्रयोग देखिन्छ । यस्तै यस उपन्यासमा सरगमको क्रियाकलापलाई समाख्याताले यसरी वर्णन गरेको पाइन्छ : *...एक रात पुरानो दुश्मनीको बदला लिन अरुण र रविन्द्रले बलात्कारको प्रयास गरेपछि सरगमले दुबैलाई गोली ठोकेर सङ्गठनबाट बिदा लिइन्* (पृ. ३६) । यस कथनमा समाख्याताले नारीलाई भोग्याका रूपमा लिने पुरुषले नारीबाट पाएको सजायलाई प्रस्तुत गर्दै सरगममा भएको हिम्मतिलो स्वभाव तथा क्रियाकलापलाई प्रस्तुत गरेको हुनाले यस उपन्यासमा असंलग्न समाख्याता सङ्केन्द्रकको उपस्थिति पाइन्छ।

रोशीको प्रस्तुत उपन्यासमा समाख्याताले सरगममा भएको विद्रोही स्वभावलाई यसरी प्रस्तुत गरेको पाइन्छ : *क्रान्तिकारी राजनीति र लामो जनयुद्धबाट आएकी सरगम निकै विद्रोही स्वभावकी थिइन् । कस्तो जिद्दी, कस्तो निडर* (पृ. ३८) । यस कथनमा सरगम राजनीति र जनयुद्धमा होमिएर आएपछि निडर र विद्रोही

बनेको सन्दर्भलाई समाख्यातामार्फत प्रस्तुत गरिएको हुनाले असंलग्न समाख्याता सङ्केन्द्रक बन्न पुगेको देखिन्छ। यस उपन्यासमा समाख्याताले नेपाली समाजमा नारीहरूको स्थान र उनीहरूप्रति गरिने शोषणप्रतिको मूल्याङ्कन यसरी गरेको पाइन्छ : *वर्षौंदेखि नै महिला समुदायको समुचित प्रतिनिधित्व हुन नसक्नाले उनीहरूको मानवीय संवेदना नै अघोषित रूपमा दयनीय हुँदै आएका छन्, लैङ्गिक विभेदप्रतिको मुक्तिसङ्घर्ष होस् या सामाजिक रुपान्तरणको वर्ग सङ्घर्ष सबैमा महिलाहरू विशेष गरेर यौनशोषित छन्* (पृ. ४७) । समाख्याताको यस कथनमा नारीहरू परम्परादेखिनै दयनीय रूपमा जिउन बाध्य भएको, समाज परिवर्तनका लागि चालिने कदममा समेत नारीहरू नै शोषणमा पर्नेगरेको सन्दर्भमार्फत समाजमा नारीको दमन र शोषणको कारकको मूल्याङ्कन प्रस्तुत गरिएको हुनाले असंलग्न समाख्याता सङ्केन्द्रक बन्न पुगेको देखिन्छ।

रोशीको *कुमारी आमा* उपन्यासमा कथाबाहिरै उपस्थित समाख्याताका माध्यमबाट पात्रका मनोदशा, विचार, क्रियाकलापको वर्णन गरी पात्रका निर्णय तथा साहसिक कदमको प्रशंसा भाव समेत प्रस्तुत भएको पाइन्छ। यस्तै यस उपन्यासमा समाख्याताले पात्रका मनोभाव तथा स्वभाव र क्रियाकलापमाथि टिप्पणी गर्ने, मूल्याङ्कन गर्ने कार्य समेत गरेको हुनाले असंलग्न समाख्याता सङ्केन्द्रकको उपस्थिति देखिन्छ । यस्तो समाख्याताले पात्रका पीडा तथा सङ्घर्षप्रति सहानुभूति तथा सकरात्मक टिप्पणीसमेत गरी पात्रका विचार तथा क्रियाकलाप र मानसिकतालाई प्रस्तुत गर्नुका साथै नारीको स्वतन्त्र अस्तित्व एवम् पहिचानको माग गरी उपन्यासको नारीवादी विचारलाई समेत प्रस्तुत गर्नमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुनाले असंलग्न समाख्याता सङ्केन्द्रकका रूपमा यस उपन्यासमा उपस्थित भएको देखिन्छ।

**चरित्रसङ्केन्द्रक**

अनुपम रोशीको *कुमारी आमा* उपन्यासमा सरगम, रोहिणी, रुवी, मायाजस्ता चरित्रहरू सङ्केन्द्रकका रूपमा उपस्थित भएका छन्। यीमध्ये सरगमको उपस्थिति तुलनात्मक रूपमा बढी देखिन्छ। यस उपन्यासमा सरगमको मानसिकता, विचार र क्रियाकलापका माध्यमबाट नेपाली समाजमा नारीको स्थान, नारीलाई हेर्ने दृष्टिकोण, नारीमाथि गरिने सामाजिक, सांस्कृतिक विभेदका कारण नारीमा जागेको वितृष्णा र विद्रोही मानसिकता, नारीहरूको स्वभाव, क्रियाकलाप एवम् भूमिकालाई प्रस्तुत गरिएको छ। यस उपन्यासमा *म तपाईंले जस्तो घरभित्रै बसेर जिन्दगी बिताउन सक्दिनँ आमा, म केही गर्न चाहन्छु* (पृ. २१) भन्ने सरगमको विचारले नारीको हिम्मतिलो स्वभावलाई प्रस्ट पारेको छ । यस्तै यस कथनमा प्रस्तुत सरगमको विचारका माध्यमबाट समाजको अन्यायलाई सहेर घरमै सीमित हुने आमाजस्तो चरित्रभन्दा भिन्न स्वतन्त्र रूपमा कार्य गर्न चाहने नारीसचेतनालाई प्रस्तुत गरिएको हुनाले सरगमलाई चरित्रसङ्केन्द्रक मान्न सकिन्छ।

यस उपन्यासमा *हामी परिवर्तन चाहन्छौँ सामाजिक, धार्मिक, राजनीतिक, दार्शनिक रूपमा। अन्त्य गर्न पनि चाहन्छौँ सबै खाले विभेद र असमानताको* (पृ. २७) भन्ने सरगमको विचारले नारीमा जागृत चेतना र परिवर्तनको अपेक्षालाई प्रस्ट पारेको छ। यस कथनमा समाजमा हुने लैङ्गिक मात्र नभएर सबैजसो विभेदको अन्त्यको चाहनालाई सरगमका विचारमार्फत प्रस्तुत गरिएको हुनाले सरगमलाई सङ्केन्द्रक चरित्रका रूपमा लिन सकिन्छ । रोशीको प्रस्तुत उपन्यासमा नारीमाथि समाजले राख्ने सङ्कुचित धारणाका सम्बन्धमा सरगमको मानसिकतालाई प्रस्तुत गरिएको छ। *यो समाज पितृसत्तात्मक सामन्ती संस्कारको सिकार भएको छ, जसका कारण आफूलाई जतिसूकै परिवर्तनशील ठाने पनि, तपाईँ पुरुषहरू यो मान्न तयार हुनुहुन्न कि नारीहरू*

*पनि पुरुषसमान हकदार छन् । उनीहरूको पनि आफ्नै खालको जिन्दगी हुनुपर्छ । पूर्ण स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्छ* (पृ. ३९) भन्ने सन्दर्भले सोको पुष्टि गरेको छ। सरगमको मानसिकतामार्फत यस कथनमा सामन्ती संस्कारका कारण नारीहरूमा लैङ्गिक समानता नभएको परिस्थितिको चित्रण गरिएको छ । यसमा पितृसत्तात्मक सामन्ती संस्कारको विभेदपूर्ण व्यवहारप्रति नारीमा जागेको चेतना, पुरुषको व्यवहारको मूल्याङ्कन र समाजपरिवर्तनमा नारीस्वतन्त्रताको महङ्खवप्रतिको ध्यानाकर्षण भावलाई सरगमको मानसिकतामार्फत प्रस्तुत गरिएको हुनाले सरगम सङ्केन्द्रक बनेको देखिन्छ।

सरगमका विचारका माध्यमबाट नारीको वैयक्तिक अधिकारका सम्बन्धमा जागृत चेतनालाई पनि यस उपन्यासमा प्रस्तुत गरिएको छ। *म यो समाज, यहाँका मान्छेले के भन्छन् भन्ने डरले आफ्नो चाहनालाई त्यसै मर्न दिऊँ ? मेरो जन्मसिद्ध अधिकार हो आमा बन्न पाउनु, के त्यसको कुनै मूल्य छैन ? म कसैकी स्वास्नी हुन चाहन्नँ भने मैले आमा बन्नै नपाउने ?* (पृ. ४८) भन्ने सरगमको कथनले नारीको स्वतन्त्र जीवनप्रतिको भावना तथा समाजप्रतिको विद्रोही स्वभावलाई प्रस्तुत गरिएको छ । यस्तै नारीहरूको प्रजनन अधिकारप्रतिको स्वतन्त्रता र अस्तित्वप्रतिको सचेतनालाई यसमा सरगममार्फत प्रस्तुत गरिएको हुनाले सरगम यस उपन्यासकी सङ्केन्द्रक चरित्र बनेको छ। यस्तै सरगमले यस उपन्यासमा आफ्नो वैयक्तिक विचार तथा स्वभावलाई प्रस्तुत गरेकी छ । *परिवार, समाज, देश, दर्शन, राजनीतिको फगत सिद्धान्त जो आफैँबाट अनियन्त्रित छ । त्यो परिधिभित्र रहेर म जिउन सक्दिनँ, यो मेरो स्वतन्त्रताको कुरा हो, मैले जसरी जिउन चाहे पनि यसमा आपत्ति जनाउनेप्रति मेरो कुनै चासो छैन । म यो प्रतिबन्धमा बाँधिएर जिउन सक्दिनँ* (पृ. ४८) भन्ने सरगमको कथनमा उसको मानसिकता र अठोटलाई प्रस्तुत गरिएको छ। यस कथनमा नेपाली समाजमा निर्मित सिद्धान्त र विचार अनियन्त्रित भएको सन्दर्भलाई समेत प्रस्तुत गरिएको छ। यस कथनमा सरगमका मानसिकताका माध्यमबाट समाजको नकारात्मक सिद्धान्तलाई पालना गरेर नारीहरूले नियन्त्रित जीवन बिताउन नसक्ने र आफ्नो अस्तित्व निर्माणका लागि नारीहरू स्वतन्त्र भएर जिउने सन्दर्भलाई प्रस्तुत गरिएको छ । यसर्थ सरगमलाई यस उपन्यासकी सङ्केन्द्रक चरित्रका रूपमा लिन सकिन्छ।

प्रस्तुत उपन्यासमा सरगमले सजलसँग गरेको वार्तालापमा नारीमानसिकताको चित्रण भएको छ । ऊ भन्छे : *आफ्नै स्वार्थमा अन्धो पुरुषलाई, स्त्रीहरू एउटा उपभोग्य वस्तु मात्रै लाग्छ भने, हामीले पो किन उनीहरूलाई त्यो भावनात्मक सम्बन्धमा जोडिराख्नुपर्‍यो ? एउटा उपभोग्य वस्तुभन्दा बढी महङ्खव किन दिइराख्नुपर्‍यो ? स्त्रीहरूले पनि उनीहरूलाई क्षणिक सन्तुष्टिका लागि उपभोग गर्न सक्छ । कुनै पुरुषसँग प्रेम गर्दैमा अथवा सम्भोग गर्दैमा जिन्दगी उसैको नाममा समर्पित गर्नुपर्छ भन्ने झुटो मान्यता म मान्दिनँ* (पृ. ४९) । सरगममार्फत यस कथनमा प्रस्तुत गरिएको नारीका मानसिकताले पुरुषले नारीलाई उपभोग्य वस्तुका रूपमा मात्र हेरेपछि उनीहरूसँग नारीले भावनात्मक सम्बन्ध राख्नु बेकार भएको विचार प्रकट गरेको छ । यस्तै वैवाहिक सम्बन्ध र प्रजननको प्रयोजन निरपेक्ष रहेको सन्दर्भलाई सरगमको मानसिकतामार्फत प्रस्तुत गरी नारीसचेतना प्रकट गरिएको हुनाले सरगमलाई यस उपन्यासकी सङ्केन्द्रक चरित्रका रूपमा लिन सकिन्छ।

रोशीको प्रस्तुत उपन्यासमा सरगममार्फत समाजमा पुरुषले गर्ने क्रियाकलाप तथा व्यवहारलाई प्रस्तुत गरिएको छ। ऊ भन्छे : *लोग्नेमान्छेले त झन् आवश्यकता पर्‍यो भने जहाँ जसरी पनि सम्बन्ध राखेका हुन्छन् । किनकि उनीहरूलाई पेट बोक्ने डर हुँदैन । यो समाजले के भन्ला भन्ने सङ्कोच पनि हुँदैन; हुन्छ त केवल पुरुष*

*हुनाको घमण्ड। यस्तो परिवेशमा हामीलाई बिहे गरेर परिवर्तन नै हुनुपर्ने किन ?* (पृ. ५०)। नारीहरू पाठेघरकै कारणले समाजमा दमनमा परेका सन्दर्भ र त्यस किसिमको दमनप्रतिको विरोध सरगममार्फत प्रस्तुत गरिएको हुनाले सरगम यस उपन्यासमा सङ्केन्द्रक चरित्र बनेको पुष्टि हुन्छ। रिर्चडसँगको वार्तालापमा सरगम भन्छे : *हाम्रो समाजमा स्त्रीजातिमाथि हुनेगरेको यौनशोषण निकै भयावह छ, लाज-सरम इज्जतजस्ता कुराहरू आइमाईले नै सम्हाल्नुपर्ने बाध्यता छ। एउटी स्त्रीले बिहे नगरी गर्भ बोकी भने त्यहाँ त्यही स्त्रीको बेइज्जत हुन्छ। त्यसलाई गर्भ बोकाउने पुरुषको कुनै खोज हुँदैन* (पृ. ८५)। नारीमाथि संस्कारका रूपमा गरिने विभेद र त्यसबाट परेको असरलाई सरगमको मानसिकतामार्फत यस कथनमा प्रस्तुत गरिएको छ। यस्तै यसमा समाजले समान दोषमा पनि नारीलाई मात्र लाञ्छना लगाउने प्रवृत्तिको विरोध गरिएको छ। यसमा नेपाली समाजमा नारीको स्थान, नारीमाथिको सांस्कृतिक अवधारणाले पर्न गएको असर, त्यसको प्रतिशोधमा नारीमा विकसित स्वभाव तथा क्रियाकलापलाई सरगमका विचार तथा मानसिकतामार्फत प्रस्तुत गरिएको हुनाले उसलाई यस उपन्यासकी सङ्केन्द्रक चरित्रका रूपमा लिन सकिन्छ।

रोशीको प्रस्तुत उपन्यासमा मायाको मानसिकता तथा हिम्मतिलो स्वभावलाई व्यक्त गरिएको छ। *बच्चा जन्माएपछि पलायन हुन हाम्रो महिला समुदायलाई स्विकारेर बस्नु मेरो सङ्घर्ष होइन। आइमाईलाई कमजोर ठान्ने पुरुषहरूले यो बुझ्नु जरुरी छ कि महिलाहरू बच्चालाई पेटमा मात्र होइन पिठ्यूँमा बोकेर पनि युद्ध गर्न सक्छन्* (पृ. २९) भन्ने मायाको कथनले सो कुराको पुष्टि गरेको छ। यस कथनमा राजनीतिमा सक्रिय भूमिका निर्वाह गरेकी मायाका मानसिकतामार्फत नारीहरूलाई कमजोर ठान्ने प्रवृत्तिको विरोध एवम् नारीहरू प्रजननका कारणले पुरुषसरह कार्य गर्न नसक्ने भन्ने सामाजिक सोचलाई चुनौती दिइएको हुनाले मायालाई सङ्केन्द्रकका रूपमा लिन सकिन्छ। यस उपन्यासमा रुवीका मानसिकतामार्फत नारीप्रतिको सैद्धान्तिक सोच र व्यवहारमा भएको पृथक्तालाई प्रस्तुत गरिएको छ। *हामी पुरुष-महिलामा कुनै फरक हुँदैन भन्ने सिद्धान्त बोकेका मान्छे, एउटै सिरानी हालेर पुरुषहरूसँग कैयन् रात बिताइयो। त्यो समय जति नै नियन्त्रण गरे पनि यो प्राकृतिक यौनचाहना मान्छेले दबाउन नसक्दो रहेछ। फलस्वरुप म पनि त्यो वासनाको सिकार भएँ* (पृ. ३३) भन्ने कथनले सोको पुष्टि गरेको छ। रुवीको यस कथनमा राजनीतिक विचारधारा जति नै आदर्श भए पनि यौनका सम्बन्धमा निर्मित प्राकृतिक नियमलाई कसैले तोड्न नसकेको सन्दर्भलाई प्रस्तुत गरिएको छ। यसरी नारीका मानसिकतामार्फत नारीउत्पीडन र त्यसप्रतिको सचेतनालाई प्रस्तुत गरिएको हुनाले रुवी यस उपन्यासकी सङ्केन्द्रक चरित्र बन्न पुगेकी छ।

रोशीको प्रस्तुत उपन्यासमा नारी र पुरुषमा संस्कारका नाममा गरिने विभेदजन्य क्रियाकलाप र समाजमा नारीको स्थानप्रतिको नारीमानसिकतालाई रोहिणीमार्फत व्यक्त गरिएको छ। *के उसले एक नारीत्व नभएको पत्नीसँग रातभरि तड्पेर जिन्दगी गुजार्न सक्थ्यो होला ? म प्रश्न गर्न चाहन्छु यो समाजलाई। के उसले सन्तान नहुने पत्नीको दोष आफ्नो छातीमा समेट्थ्यो होला ? कल्पना गर्नुहोस् त कति विभेद छ महिला र पुरुषबीच ? मेरो चाहनाहरूको कुनै मूल्य थिएन। म सुन्दरको खुसीका लागि खटिएकी एक दासी थिएँ* (पृ. १७१) भन्ने कथनमार्फत समाजमा नारीको स्थान र भूमिकाको चित्रण गरिएको छ। रोहिणीको यस कथनमा नपुङ्सक भएर पनि आफ्नो दोषलाई स्वीकार्न नसक्ने पुरुषकै पक्षमा वकालत गर्ने व्यक्ति एवम् परिवार र समाजको सोच तथा व्यवहारप्रति प्रश्नचिह्न खडा गर्दै नारीको अस्तित्वको खोजी गर्न तल्लीन नारीमानसिकतालाई प्रस्तुत

गरिएको छ। यसरी नारीका मानसिकतालाई रोहिणी सङ्केन्द्रकमार्फत प्रस्तुत गरिएको हुनाले रोहिणीलाई यस उपन्यासकी सङ्केन्द्रक चरित्रका रूपमा लिन सकिन्छ।

रोशीको *कुमारी आमा* उपन्यासमा सरगम, रोहिणी, माया, रुवीजस्ता नारीपात्रहरू सङ्केन्द्रक चरित्रका रूपमा उपस्थित भएका छन् । यस उपन्यासमा रोहिणी, माया, रुवी सङ्केन्द्रकहरूको उपस्थिति सरगमका तुलनामा न्यून रहे पनि औपन्यासिक विचार र नारीसचेतना प्रस्तुत गर्नमा यिनीहरूले महङ्खवपूर्ण भूमिका खेलेका छन् । यी सङ्केन्द्रकका विचारमार्फत नेपाली समाजमा नारीको स्थान, नारीलाई हेर्ने दृष्टिकोण, नारीमाथि गरिने सामाजिक तथा सांस्कृतिक विभेदका कारण नारीमा जागेका वितृष्णा र विद्रोही मानसिकता एवम् नारीहरूको स्वभाव, क्रियाकलाप तथा भूमिकालाई प्रस्तुत गरिएको छ । वैवाहिक सम्बन्ध, सन्तान उत्पादन, राजनीतिक संलग्नता आदिमा नारीको स्वतन्त्र निर्णय र साहसिक कदमलाई यी सङ्केन्द्रकका मानसिकताका माध्यमबाट प्रस्तुत गरिएको छ । यस्तै यस उपन्यासमा पितृसत्तात्मक सामाजिक संस्कारले निर्माण गरेको लैङ्गिक विभेद तथा नारीदमनको विरोध गरी नारीको स्वतन्त्र अस्तित्व र पहिचानको मागलाई पात्रका मानसिकता, विचार र क्रियाकलापका माध्यमबाट प्रस्तुत गरिएको हुनाले सरगम, रोहिणी, माया र रुवी यस उपन्यासका सङ्केन्द्रक चरित्र बन्न पुगेका छन्।

## निष्कर्ष

रोशीको *कुमारी आमा* उपन्यासमा कथाबाहिरै रहेर समाख्याताले पात्रका मानसिकता, विचार तथा क्रियाकलापलाई प्रस्तुत गर्नाका साथै ती पात्रहरूप्रति सहानुभूति प्रकट गरी टिप्पणी तथा मूल्याङ्कन समेत गरेको हुनाले असंलग्न समाख्याता सङ्केन्द्रक बनेको हो । यस उपन्यासमा समाख्याता चरित्रका रूपमा प्रस्तुत नभएर घटनाको प्रत्यक्षदर्शीका रूपमा उभिएको हुनाले असंलग्न समाख्याता सङ्केन्द्रक बनेको छ । यस सङ्केन्द्रकमार्फत् नारीका मानसिकता, स्वभाव, समाजमा नारीको स्थानलाई प्रस्तुत गरिएको छ । यस्तै पितृसत्तात्मक सोच र संस्कारप्रतिको नारीको विद्रोही, वितृष्णा तथा त्यसप्रति नारीले चालेको साहसिक कदम, लैङ्कि समानता र स्वतन्त्रताप्रतिको चाहना आदिलाई समेत समाख्याता सङ्केन्द्रकमार्फत प्रस्तुत गरिएको छ। यसले पनि उपन्यासको विचारलाई वास्तविक रूपमा प्रस्तुत गर्नमा सहयोगी भूमिका निर्वाह गरेको छ । यस उपन्यासमा प्रस्तुत संलग्न तथा असंलग्न समाख्याताका रूपमा नारीको उपस्थिति रहेको हुनाले नारीका विचार, भाव र संवेदनाको प्रस्तुतिमा यथार्थता झल्किएको छ। यसर्थ समाख्याता सङ्केन्द्रकमार्फत नारीसचेतना प्रस्तुत गरी उपन्यासलाई रोचक र कौतूहलपूर्ण बनाउनमा सहयोग पुगेको छ । यसमा बहुल पात्रहरू सङ्केन्द्रक चरित्रका रूपमा उपस्थित भएका छन्। यी पात्रहरूको विचार, मानसिकता, क्रियाकलाप, संवेगका माध्यमबाट नारीप्रतिको पितृसत्तात्मक सोच, व्यवहार र क्रियाकलाप एवम् यौनशोषणलाई प्रस्तुत गरिएको छ। यस्तै यस उपन्यासमा पात्रहरूकै माध्यमबाट नारीशोषणप्रति नारीको वितृष्णा र सचेतना समेत प्रस्तुत गरिएको हुनाले बहुल चरित्रहरू सङ्केन्द्रक बन्न पुगेका छन्। यी चरित्रसङ्केन्द्रकमा पुरुषपात्रका तुलनामा नारीकै उपस्थिति बढी रहेको छ। यसले नारीसचेतना प्रस्तुत गर्न र उपन्यासको सौन्दर्य निर्माणमा सहयोगी भूमिका निर्वाह गरेको छ । यसर्थ रोशीको *कुमारी आमा* उपन्यासमा प्रस्तुत समाख्याता तथा पात्रसङ्केन्द्रकले उपन्यासलाई नारीविषयक मात्र नबनाएर कथानकलाई गतिशीलता दिन, चरित्रलाई जीवन्त तुल्याउन, औपन्यासिक विचारलाई सार्थक तुल्याउनका साथै कौतूहल निर्माण गरेको हुनाले उपन्यासको सौन्दर्यवृद्धिमा समेत टेवा पुऱ्याएको छ।

## सन्दर्भसामग्री सूची

### (क) नेपाली भाषाका सामग्री


गुरुङ, सुशान्त (२०६९), उपन्यास विधाका सन्दर्भमा नेपाली नारीस्रष्टाहरूको उपस्थिति र योगदान, *गरिमा,* ३०(७), पृ. ३९४–४०० ।

ढकाल, रजनी (२०६९), नेपाली नारी उपन्यासमा लैङ्गिकता, *जुही,* ३२(२), पृ. ४७–५९ ।

पुडासैनी, वीरेन्द्र (२०६८), विश्वेश्वरप्रसाद कोइरालाका आख्यानको आख्यानशास्त्रीय विश्लेषण, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालय, त्रि. वि. काठमाडौँ ।

पुडासैनी, वीरेन्द्र (२०७०), सङ्केन्द्रणका दृष्टिमा कोइरालाको *नरेन्द्र दाइ* उपन्यास, *गरिमा,* ३१ (१०), पृ. ९४–१०१ ।

रोशी, अनुपम (२०६८), *कुमारी आमा,* बी. एन. पुस्तक संसार प्रा. लि. ।


### (ख) अङ्ग्रेजी भाषाका सामग्री


बल, एम./ Bal, M. (2009). *Narratology Introduction of the Theory of Narrative*. Third ed. Trans. Christine van Boheemen. University of Toronto Press.

म्याकहियोरल्याटी, जे. ए./Machiorlatti, J. A. (1996*). Implications of a Feminist Narratology : Temporality, Focalization and Voice in the Films of Julie Dash. Mona Smith and Trinh T. Minh-ha*. Phd thesis. Michigan : wayne state University dissertations. https//www.digital commons.wayne.edu. 2017 Jun 12.

रिमोन केनन एस./Rimmon-Kenan, S. (2005). *Narrative Fiction: Contemporary Poetics.* Second ed. Routledge.

लन्सर, एस. एस./ Lanser, S. S. (1986). Toward A Feminist Narratology. *Style*. 20(1). https//www.jstor.org. Asoj 10. p. 341-363.

लवन, जे./Lawn, J. (2017). Four Characters In Search of A Narrator : Focalization And The Representation Of Consciousness In Under The Volcano. *Studies in Canadian Literature*. 18(2) 1993. https//www.journals.lib.unb.ca. Jun 12.

स्टाम आर. र अन्य./Stam, R. & Other's. (1992). *New VocabuaLries in Film Semiotics: Structuralism. Post Structuralism and Beyond.* Routledge.